घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

मिति २०८२।०३।३१

प.सं.२०८१।०८२( प्रशासन)

च.नं. ६०७२

श्री स्थानीय सेवाका कर्मचारीहरु सबै

घोराही उप महानगरपालिका दाङ

बिषय- कार्यसम्पादन मूल्याङकन फाराम पेश गर्ने सम्बन्धमा

प्रस्तुत बिषयमा घोराही उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्थानीय निजामती सेवा ऐन २०८१ बमोजिम तहबृध्दि भएका/ हुने कर्मचारीहरुले आ.ब. २०८१।०८२ को बार्षिक कार्यसम्पादन मूल्याङकन फाराम पेश गर्दा देहाय बमोजिम गर्नु गराउनु हुन जानकारी गराईन्छ।

१ नेपाल स्वास्थ्य सेवाका बिभिन्न तह र समूहको तह बृध्दि हुने बिषयमा स्थानीय निजामति सेवा नियमावली २०८१ जारी भएको मिति( २०८१।१२।२८) ले तीन महिनाको अन्तिम दिन देखि जेष्ठता कायम हुने व्यवस्था भए बमोजिम २०८२ आषाढ मसान्त सम्म ५ बर्ष पुरा भएका र तहबृध्दिका लागि निवेदन पेश गरेका कर्मचारीले एक तह माथिको पद र तहको का.स मु.पेश गर्ने।

३ स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ३१ को उप दफा १ बमोजिम ( छैठौ सातौ आठौ नवौ तहमा तह बृध्दि हुने) र उपदफा ८ बमोजिम( चौथो तहको मात्र योग्यता भएको र चौथो तहमा ५ बर्ष सेवा अबधि पुरा भई पाचौ तहमा तह बृध्दि हुने) कर्मचारीको तह बृध्दि श्रावण १ गते देखि जेष्ठता कायम हुने हुदा जुन तहमा कार्यरत छ सोही पद र तहको का.स.मु. पेश गर्ने।

३ माथि उल्लेखित कर्मचारी बाहेक तह बृध्दि भएका अन्य कर्मचारीहरुले तह बृध्दि भएको पद र तहको का.स.मु. पेश गर्ने र स्थानीय निजामती सेवा ऐन २०८१ बमोजिम तहबृध्दिका लागि योग्यता नपुगेका कर्मचारीले जुन तहमा कार्यरत छ सोही पद र तहको का.स.मु पेश गर्ने।

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत